# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

पाख्रीबास नगरपालिका,
धनकुटा




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७८/७९

च.नं. ४८

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
पाख्रीबास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
धनकुटा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: ४५ मितिः२०७८।५।४

श्री नगरप्रमूखज्यू,
पाखीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धनकुटा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले पाखीबास नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८/२/४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ यसैसाथ संलग्न छ
३. लेखापरीक्षणबाट रु. ३६ लाख ८१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९ लाख ५५ हजार, नियमित गर्नुपर्ने रु. २१ लाख ३० हजार र पेश्की बाँकी रु. १ लाख ६० हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

**पाख्रीबास नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पाख्रीबास नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, १४४.२९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ७८ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष -** आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः
नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त हुन सकेन । नगरपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| एकिकृत आर्थिक विवरण | | | | | | | |
| पाख्रीबास नगरपालिका धनकुटा | | | | | | | |
| आ.व.२०७६/०७७ | | | | | | | |
| आय तर्फ | | | | व्यय तथा मौज्दात तर्फ | | | |
| सि.नं. | विवरण | | रकम | सि.नं. | विवरण | | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५६०४६११७.६४ | १ | **चालु खर्च** | | २३४७८५६६५.६९ |
| | क) सञ्चित कोष | ५१७२९४१८.०५ | | | आन्तरिक | २३८०३८९६.८० | |
| | ख) धरौटी | २१९५०४८.०३ | | | राजश्व बाँडफाँड | ५२१०१२१६.०३ | |
| | ग) विभिन्न कोष | २१२१६५१.५६ | | | विशेष अनुदान | १०६९९५१.०७ | |
| | | | | | समपुरक अनुदान | ० | |
| | | | | | समानिकरण अनुदान | ५९६६६०१.१ | |
| | | | | | सशर्त अनुदान | १५१८४४०००.६९ | |
| २ | **राजश्व (आन्तरिक आय) राजश्व बाँडफाँड** | | ५६१७८५५२.२७ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) आन्तरिक आय | ४०१६२९६.२२ | | २ | **पुँजीगत खर्च** | | **१११५०८६७०.९०** |
| | ख) राजश्व बाँडफाँड | ५०१५१४१८.४५ | | | आन्तरिक | ६६०२२२८.३६ | |
| | ग) अन्य राजश्व | २०१०८३७.६ | | | राजश्व बाँडफाँड | ९४७४११४.०१ | |
| | | | | | विशेष अनुदान | १८८३३४.५४ | |
| ३ | **वित्तीय हस्तान्तरण (संघीय सरकार)** | | **२७८२७८०००.००** | | समपुरक अनुदान | १०००००००. | |
| | क) समानिकरण अनुदान | ९५००००००.०० | | | समानिकरण अनुदान | ६१३३३५४७.४१ | |
| | ख) सशर्त अनुदान | १८००७८०००. | | | सशर्त अनुदान | २३९१०४४६.५८ | |
| | ग) विशेष अनुदान | ० | | | | | |
| | घ) समपुरक अनुदान | ३२०००००. | | ३ | **वित्तीय व्यवस्था** | | ० |
| | | | | | ऋण भुक्तानी | | |
| ४ | **वित्तीय हस्तान्तरण (प्रदेश सरकार)** | | **३०८८५०००.००** | | व्याज भुक्तानी | | |
| | क) समानिकरण अनुदान | ६९७४०००.०० | | | अन्य भुक्तानी | | |
| | ख) सशर्त अनुदान | १०३२००००. | | | | | |
| | ग) विशेष अनुदान | ३५९१०००. | | ४ | **लगानी** | | ० |
| | घ) समपुरक अनुदान | १०००००००. | | | ऋण लगानी | | |
| | | | | | शेयर लगानी | | |
| ५ | **वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह)** | | ० | | | | |
| | | | | ५ | **विभिन्न कोषको खर्च** | | **१२५१५८५०.१९** |
| ६ | **अन्तर सरकारी अख्तियारी** | | **६६३९९८४८.००** | | विविध कोष | १२५१५८५०.१९ | |
| | ३१४१०११३ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ८१७१४६.०० | | | | | |
| | ३१४१०११४ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | १९३७०२. | | ६ | **धरौटी फिर्ता/सदरस्याहा** | | **१५०६५३८.९४** |
| | ३३६००१०२३ गरिवसँग विश्वेश्वर कार्यक्रम | ० | | | फिर्ता | १५०६५३८.९४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४५०००००. | | | | |
| | पर्यटन पुर्वाधार विकास आयोजना | ० | | ७ | **अन्तर सरकारी अख्तियारी** | ६६३९९८४८.०० |
| | सामाजिक सुरक्षा कार्यक्रम | ६०८८९०००. | | | अन्तर सरकारी अख्तियारी | ६६३९९८४८.०० | |
| | | | | ४ | **जम्मा अनुदान फिर्ता** | | ३३३३८१७०.३७ |
| | | | | | संघीय सरकारको अनुदान फिर्ता | ३३०९८७७४.३७ | |
| | | | | | प्रदेश सरकारको अनुदान फिर्ता | २३९३९६ | |
| | | | | ९ | **मौज्दात** | | ७०७२६७२१.७२ |
| ७ | **अन्य कार्यक्रमको लागि प्राप्त रकम** | | २२३१४४८०.३ | | **क) सञ्चित कोष** | ५९७५५६४३.६६ | |
| | औद्योगिक ग्राम निर्माण | ९२०००००. | | | **ख) धरौटी** | ५३९४४०१.४८ | |
| | साना सिंचाई कार्यक्रम | ४७१६०७३. | | | **ग) विविध कोष** | ५५७६६७६.५८ | |
| | पि एल जि एस पि कार्यक्रम | ३०३२२१.५ | | | | | |
| | जिल्ला समन्वय समिति | १९४२५००. | | | | | |
| | सडक बोर्ड नेपाल | २५००००००.०० | | | | | |
| | अन्य आय ( सडक बोर्डको गत वर्षको रकम, कन्टिन्जेन्सी लगायतको रकम) | ३६५२६८५.८० | | | | | |
| ८ | **विभिन्न कोष तर्फको आय** | | २०६७९४६७.६ | | | | |
| | धरौटी | ४७०८५९२.३९ | | | | | |
| | विविध कोष | १५९७०८७५.२१ | | | | | |
| | गरिवी निवारण कोष | ० | | | | | |
| | प्रकोप व्यवस्थापन कोष | | | | | | |
| **जम्मा** | | | **५३०७८१४६५.८१** | **जम्मा** | | | **५३०७८१४६५.८१** |

| कार्यालय– पाख्रीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | **असुलीको स्थिति** – लेखापरीक्षणको क्रममा रु. ३८१०२७।०० र प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु. ९९५४६२।००गरी जम्मा रु. १३७६४८९।०० असुल भएको छ । | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानियतहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• नगरपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत | |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• नगरपालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो ।<br>• वडा कार्यालय तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको | |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी शसर्त तथा निशर्त दुवै तर्फ गरी शिक्षक तथा कर्मचारी समेत ३८२ जनालाई वर्षभरीमा रु. १४६३४३७४७।४२ तलब भत्ता खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• नगरपालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन।<br>• नगरपालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको देखिएन ।<br>• भ्रमणबाट फर्किएपछि भ्रमण खर्चको विलसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने भ्रमण प्रतिवेदनको ढाँचा बनाएतापनि उक्त प्रतिवेदनमा उल्लेखित उद्देश्य, काम, उपलब्धी, सुझाव आदि विषयहरु केही पनि नभरी केवल भ्रमण गर्ने पदाधिकारी/कर्मचारीको नाम र दस्तखत मात्र भर्ने गरेको देखियो ।<br>• भ्रमण आदेशमा स्पष्ट काम नखुलाई कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको देखियो।<br>• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु. २० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको देखियो।<br>• इन्धन खरिद खर्चको भौचर साथ इन्धन खर्चको लगबुक संलग्न गर्ने गरेको देखिएन ।<br>• खर्चको रिभर्स, कट्टी कर दाखिला एवं आम्दानी सम्बन्धि केही गोश्वार भौचरहरु श्रेस्तासाथ संलग्न गरि राख्रे गरेको देखिएन ।<br>• गोश्वारा भौचरसाथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्रे गरेको देखिएन ।<br>• पदाधिकारीलाई ऐन अनुसार पाउने मासिक सञ्चार सुविधा खर्चको अतिरिक्त थप मोवाइल रिचार्ज खर्च समेत कार्यालयले व्यहोर्ने गरेको देखियो ।<br>• विद्युत, पानी, टेलिफोन महसुल यथासमयमै भुक्तानी गरी नियमानुसार पाइने छुट समेतको सुविधा | |

कार्यालय- पाखीबास नगरपालिका, धनकुटा आ.व. -२०७६/७७

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | उपभोग गर्नुपर्नेमा महसुल बुझाउन ढीलाई गरी थप दस्तुर समेत खर्च लेख्ने गरेको देखियो।<br>• कार्यालयले सफ्टवेयर मर्मतको सेवा शुल्क खर्च लेख्दा किस्ता कायम गरी आनुपातिक हिसाबले काम सम्पन्न भएपछि मात्र भुक्तानी दिनुपर्नेमा काम सम्पन्न नहुँदै अग्रीम रुपमा भुक्तानी दिने गरेको देखियो।<br>• पदाधिकारीलाई ऐन अनुसार पाउने मासिक सुविधा रकम अग्रीम पेश्की स्वरुप दिने गरेको देखियो।<br>• सुरक्षा गार्ड आपूर्तकले सम्झौता अनुसार सुरक्षाकर्मीहरुको विमा गर्नुपर्नेमा वीमा गरेको देखिएन ।<br>• वडा स्तरमा सञ्चालन हुने कार्यक्रम तथा योजनाको सम्झौता अधिकार प्राप्त अधिकारी ( प्रमुख प्रसाशकीय अधिकृत ) मार्फत गर्नुपर्नेमा सहायकस्तरका वडा सचिव मार्फत गर्ने गरेको देखियो।<br>• नगरसभाले एक योजना तथा कार्यक्रममा विनियोजन गरेको रकम कार्यपालिकाको निर्णयले अर्कै योजना तथा कार्यक्रममा खर्च गर्ने गरेकोमा नियन्त्रण हुनुपर्दछ ।<br>• पशु सेवा सम्बन्धी विभिन्न कार्यक्रम अन्तर्गत खरिद गरिएका पशुहरुको क्वारेन्टाइन जाँच तथा विमा गर्ने गरेको देखिएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **बैक हिसाब मिलान** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले यकिन गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । | |

| श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | बढी बैंक मौज्दात |
|---|---|---|
| ७०७२६७२१.७२ | १०५४२४६५८.२६ | ३४६९७९३६.५४ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री देवकला तिम्सीनाले २०७६।३।१० गते रु. ३५ करोड ८६ लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोही दिन पारित भएको छ । यसैगरी स्थानीय | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | तहका प्रमुखले २०७६।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष भैपरी आउने शिर्षकमा रु. ३५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट विधिन्न योजना तथा कार्यक्रममा खर्च गरेको छ । बजेट अबण्डामा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ६. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको चौमासिक पुजिगत खर्चको स्थिति देहायअनुसार छ । | |

| सि. नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | नगरपालिका पुँजिगत | १६०६५२ | १८९११ | ३०६५१ | १११०९० | ७२८४१ |
| २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजिगत | १६१८६४ | ३४२४३ | ३७५४६ | ९००७५ | ३१३०१ |
| | कूल खर्चः | ३२२५१६ | ५३१५४ | ६८१९७ | २०११६५ | १०४१४२ |
| | खर्च प्रतिशत | १०० | १६.४८ | २१.१४ | ६२.३८ | ३२.२९ |

चौमासिक पूँजिगत खर्चको स्थितिलाई विश्लेषण गर्दा निम्न अनुसार अन्तिम चौमासिकमा बढी खर्च गरेको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ७. | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३४०६५०००.०० | २१६५६६३६.०५ | ६३.५७ |
| सामाजिक क्षेत्र | २००००१४०४.०० | १७५३५९४३९.९० | ८७.६७ |
| पूर्वाधार विकास क्षेत्र | ११३५३४५००.०० | ७६८०२३६०.०१ | ६७.६४ |
| वातावरण तथा विपद् व्यवस्थापन | १५००००.०० | ५००००.०० | ३३.३३ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| संस्थागत विकास र सेवा प्रवाह | - | - | - |
| विपद व्यवस्थापन | १९०००००.०० | १८५००००.०० | ९७.३६ |
| वित्तीय व्यवस्थापन र सुशासन | १४९५२०००.०० | ९३९२३९४.०० | ६२.८१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७१२१०८१७.५० | ६३०८३५०६.६३ | ८८.५८ |
| **जम्मा** | **४३५८१३७२१.५०** | **३४८१९४३३६.५९** | **७९.८९** |

८. **सेवा प्रवाह** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ४५७ | ४५७ | |
| २ | घरबाटो सिफारिस | २९३ | २९३ | |
| ३ | नाता प्रमाणित | १८३ | १८३ | |
| ४ | जन्म मृत्यु दर्ता | ६७७ | ६७७ | |
| ५ | अन्य | २२२७ | २२२७ | |
| | **जम्मा** | **३८३७** | **३८३७** | |

नगरपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

९. **दरबन्दी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकीय संगठन र कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था बमोजिम कार्यालयबाट संगठन संरचना एवं दरबन्दी मिलान सम्बन्धी कार्य भएको छैन । यसबाट कार्यालयको वास्तविक दरबन्दी यत्ति नै हो भनी एकिन गर्न सक्ने अवस्था रहेन । त्यसले गर्दा यस वर्ष विभिन्न कर्मचारीहरुलाई भुक्तानी दिएको तलब भत्ता रकम वास्तविक एवं यथार्थ हो भन्न सकिने स्थिति देखिएन ।

१०. **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कार्यविधि बनाई यो बर्ष विभिन्न तहका स्थाई एवं करार सेवाका गरी जम्मा २२ जना कर्मचारीलाई कार्य सम्पादन सुचकको आधारमा रु. १३०८४२८/- प्रोत्साहन भत्ता खर्च गरेको देखियो । नगरपालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा यसरी कर्मचारीहरुलाई थप प्रोत्साहन भत्ता खर्च लेख्दा कार्यालयलाई थप व्ययभार पर्न गएको देखिएको रु..... १३०८४२८/-

११. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यस बर्ष विभिन्न विषयका १३ समेत कुल १४ विवाद दर्ता भएकोमा सबै फछ्र्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १२. | **कानून निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म ९ ऐन, ४ नियमावली, १४ कार्यविधि, ७ निर्देशिका र २ नर्म्स समेत ३६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| १३. | **आन्तरिक लेखापरीक्षण —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा प्रदेश तथा स्थानीय तहको आन्तरिक लेखा परीक्षणबाट औंल्याइएका विषयहरुमा आवश्यक सुधार गरी अन्तिम लेखापरीक्षणको लागि लेखा श्रेस्ता अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाको आन्तरिक लेखापरीक्षकले औंल्याएका विषयहरु उपर आवश्यक कारवाही भए गरेको नदेखिंदा आन्तरिक नियन्त्रण प्रणाली फितलो देखियो । तसर्थ आन्तरिक लेखा परीक्षणबाट औंल्याएका विषयहरुमा यथा समयमै कारवाही गर्न गराउन कार्यालयले ध्यान पुऱ्याउनुपर्दछ। | |
| १४. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यालयले निर्धारित बजेट एवं आन्तरिक आयको परीधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. २१७०९७५/- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १५. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले कार्यविधि तयार गरी यस वर्ष विभन्न रोगको उपचार, दैवि प्रकोप पीडित, आदि बापत रु. ६०८०००/-आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १६. | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क आदि उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३४००००० | १६५२१७१ | ४८.५९ |
| घरजग्गा वहाल कर | १५०००० | ६५१५३६ | ४३४.३५ |
| व्यवसाय कर | ७५०००० | ४६१७२४ | ६१.५६ |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |

| | | | |
|---|---|---|---|
| वहाल विटौरी शुल्क | १५०००० | ० | ० |

नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ ।

१७. **अग्रीम कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु. २४०१४/- अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु ........ २४०१४/-

| भौ नं. र मिति | करको प्रकार | भुक्तानी लिनेको नाम | भुक्तानी विवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|---|
| **नगरपालिका चालुतर्फ** | | | | | |
| ९६-०७६।६।१४ | अग्रिम कर | पायोनियर ट्रेडिङ्ग एण्ड रिसर्च सेन्टर प्रा. लि. | सुरक्षा गार्ड आपूर्ति शुल्क | ९३५२५ | १४०२९ |
| १०८-०७६।६।१४ | अग्रिम कर | रिकाउन्सील ल फर्म, धनकुटा | कानूनी परामर्श सेवा शुल्क | ३९५०० | ५५३० |
| **मर्मत सम्भार कोष** | | | | | |
| ३-०७६।७।५ | अग्रिम कर | पाखीवास सान्ने ग्रामिण सडक उ.स. | योजनाको लागि ढुंगा खरिद | २९७००० | ४४५५ |
| | | **जम्मा** | | | **२४०१४** |

**नगरपालिका चालु**

१८. **बडा अध्यक्षसँग कर्णधार कार्यक्रम** - स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ । नगरपालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरु नै सर्वसम्मतीले छनौट गरेमा पनि नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपाल सरकारले स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भवती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता तथा न्यानो झोला समेत दिँदै आएको छ । यसरी नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरोपन हुने गरी नगरपालिकाले पालिका क्षेत्र भित्र सुत्केरी हुने महीलाहरुलाई निजहरुको घरमै सम्बन्धित वडा अध्यक्ष, वडा सचिव, स्वास्थ्यकर्मी सहितको टोली गई जन्मदर्ता गरी कुखुराको एउटा भाले, १/१ के.जी. चना, मटर, मुसुरो दाल, २ माना घिउ र न्यानो झोला सहित वितरण गर्ने कार्यक्रम जनप्रतिनिधि निर्वाचित भए लगतै सुरुवात गरेकोमा यस वर्षसम्म पनि निरन्तरता दिएको देखियो । यसरी वितरण गर्दा प्रति सुत्केरी महिलालाई रु. २५००/- का दरले खर्च भएको देखिँन्छ । यो कार्यक्रमबाट यस वर्ष १० वटै वडाका २७८ सुत्केरी महिलालाई रु. ६९५०६५/- खर्च लेखेको पाइयो ।

नगरपालिकाको आन्तरिक आय न्युन भै कार्यालय सञ्चालन लगायत तलब भत्ता भुक्तानीका लागि राजस्व बाँडफाँड बापत संघ र प्रदेश सरकारबाट प्राप्त हुने रकमबाट व्यहोर्नुपरेको स्थिति छ । यसरी आन्तरिक श्रोतले चालु खर्च धान्न नसकेको परीप्रेक्षमा अनुत्पादक एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्न नगरपालिकाले ध्यान पुर्याउनुपर्ने देखिएको रु.... ६९५०६५/-

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| १९. | **वितरणमुखी खर्च** - स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नगरपालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रम छनौट गरी विभिन्न संघ संस्था, समूह, क्लव आदिलाई कार्यक्रम र प्रस्तावको आधारमा रु. १२५०००००/- भुक्तानी दिएको पाईयो । पालिकाले यस प्रकारका वितरणमुखी खर्चलाई निरुत्साहित गर्नुपर्दछ । | |

| भौ. नं. र मिति | भुक्तानी पाउने संस्था / व्यक्तिको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| **नगरपालिका चालु तर्फ** | | | |
| २६-०७६।६।१ | उज्यालो सेवा सदन, पाखीवास | तिज कार्यक्रम गर्न | ८०००० |
| ८८-०७६।६।१३ | जिल्ला समन्वय समिति महासंघ | महासंघको कार्यसमिति बैठक गर्न | ७०००० |
| २१०-०७६।८।१९ | नेपाल तामाङ्ग घेदुङ्ग, जि.स.स. धनकुटा | मिस तामाङ्ग २०१९ सञ्चालन गर्न | ५०००० |
| २४९-०७६।९।१३ | वडा सचिव सञ्जय राई | जेष्ठ नागरिक तथा अपाङ्ग सम्मान कार्यक्रम | ५०००० |
| २९०-०७६।१०।२ | चेतना युथ कल्ब | किचनका सामग्री खरिद गर्न | ५०००० |
| ३०७-०७६।१०।१५ | चिया मजदुर संगठन, पाखीबास | अन्तरक्रिया कार्यक्रम | ७५००० |
| ३२८-०७६।११।१ | जालपा देवि मा.वि. | आर्थिक सहयोग | ५०००० |
| ४०५-०७६।१२।४ | ना.प्रा.स. इन्द्रमाया तामाङ्ग मार्फत कार्यक्रम | कृषि मेला प्रदर्शनी | ३००००० |
| ४५६-०७७।१।२९ | प्रगतिशिल सेवा समाज | माघि मेला कार्यक्रम गर्न | १००००० |
| ४९२-०७७।२।१५ | जलदेवी युवा क्लब | जेनेरेटर तथा विद्युत सामग्री खरिद गर्न | ३००००० |
| ५१३-०७७।२।२५ | चेतना युथ कल्ब | संस्थागत आर्थिक सहायता | ७५००० |
| २५०-०७६।९।१३ | ४ नं. वडा कार्यालय | वडा दशै दिपावली शुभकामना खर्च | ५०००० |
| | **जम्मा** | | **१२५००००** |

| | | |
|---|---|---|
| २०. | **बिधायन समिति बैठक-** भौ नं. ६३७-०७७।३।२३ गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा स्थानीय तहको ऐन, नियम एवं कार्यविधि निर्माण गर्ने विधायन समितिले बैठक भत्ता पाउने व्यवस्था देखिँदैन । यस पालिकाले विभिन्न ऐन, नियम एवं कार्यविधिहरु निर्माण गर्न बैठक बसेको भनी देहायका पदाधिकारी तथा कर्मचारीहरुलाई प्रति बैठक रु. १०००/- का दरले बैठक भत्ता बापत रु. २१५०००/- भुक्तानी दिएको देखियो । स्थानीय तहले आँफुलाई आवश्यक पर्ने ऐन, नियम तथा कार्यविधिहरुको निर्माण गर्ने कार्य आफ्नो नियमित कर्तव्य भित्रै पर्न जाने भएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| सिं नं. | दर्जा / नाम थर | बैठक संख्या | भुक्तानी रकम (कट्टी कर घटाई) |
|---|---|---|---|
| १ | नगर प्रमुख बृष बहादुर राई | १७ | १४४५० |
| २ | उप-प्रमुख देवकला तिम्सीना | १४ | ११९०० |
| ३ | प्र.प्र.अ. डिक बहादुर राई | ३० | २५५०० |

कार्यालय- पाखीबास नगरपालिका, धनकुटा आ.व. -२०७६/७७

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | स. संयोजक लाक्पा तेन्जिङ्ग शेर्पा | ३३ | २८०५० |
| ५ | स. सदस्य बबिता बि.क. | १४ | ११९०० |
| ६ | स. सदस्य कल्पना राई | १४ | ११९०० |
| ७ | अ. सातौं. सत्यनारायण राई | १३ | ११०५० |
| ८ | ज.स.अ. मोहम्मद ईस्मायल मियाँ | २ | १७०० |
| ९ | आ.ले.प. अ. लोकेन्द्र कुँवर | ३० | २५५०० |
| १० | ले.अ. दिपेन्द्र अधिकारी | १२ | १०२०० |
| ११ | अ.छैटौं सन्तोष राई | ३ | २५५० |
| १२ | अ.छैटौं संगिता पोखरेल | ४ | ३४०० |
| १३ | ई. नरेन्द्र कुमार लिम्बु | ३ | २५५० |
| १४ | ई. पर्शुराम श्रेष्ठ | ६ | ५१०० |
| १५ | रोजगार संयोजक नारायण बस्नेत | २ | १७०० |
| १६ | स. पाँचौ टामन सिग्देल | ३ | २५५० |
| १७ | स. पाँचौ अमृता नेपाल | २ | १७०० |
| १८ | स. पाँचौ दिपक गौतम | ३ | २५५० |
| १९ | स. चौथो किरण राई | २ | १७०० |
| २० | स. चौथो बिकास आचार्य | ५ | ४२५० |
| २१ | स. चौथो प्रकाश चन्द्र पौडेल | ३ | २५५० |
| | **जम्मा** | | **१८२७५०** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २१. | **पदाधिकारी मार्फत कार्यक्रम सञ्चालन-** भौ नं. ६४८-०७७।३।२४ र ६७४-०७७।३।२६ नगर सभाले वार्षिक कार्यक्रम तथा बजेट पारित गरी नगरपालिकामा सञ्चालन हुने सम्पूर्ण कार्यक्रमको लागि नगर प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरेको छ । नगरपालिकाले ३ नं. वडा अध्यक्ष सोबित निरौला मार्फत नौमति बाजा, राष्ट्रिय पोशाक तथा आदिवासी जनजाति साँस्कृतिक कार्यक्रम गराई रु. १९७९२०/- भुक्तानी दिएको देखियो । त्यसैगरी पालिकाले ८ नं. वडा अध्यक्ष सिताराम राई मार्फत मेयर गोल्ड कप फुटवल प्रतियोगिता, २०७६ गराई रु. ११५८२६२/- भुक्तानी गरेको छ । अनुगमन तथा नियन्त्रणको भुमिकामा रहनुपर्ने पालिकाका पदाधिकारीहरु नै कार्यक्रम सञ्चालनमा सम्मिलित हुँदा नियन्त्रण एवं सन्तुलनमा असर पर्न जान्छ । तसर्थ नगरपालिकाले पदाधिकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |
| २२. | **मूल्य अभिवृद्धि कर भुक्तानी** - मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार ठेक्का वा करार अन्तर्गत आपूर्ती हुने बस्तु वा सेवाको मूल्य अभिवृद्धि कर सहितको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम निजको नामबाट कार्यालयले सम्बन्धित राजस्व शिर्षकमा जम्मा गर्नुपर्दछ। नगरपालिकाले पिरामिड टेक्निकल इन्सटिच्युट प्रा.लि.( पान नं. ६०१०७८६९१) संगको सम्झौताबाट होमस्टे सम्बन्धि तालिम तथा अन्तरक्रिया कार्यक्रम संचालन गरेबापत प्रा.लि. ले | २५८४४/- |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | २०७६।११।६ मा जारी गरेको कर विजक नं. ७ को भुक्तानी रु २२४६४४।०० मध्ये मुल्य अभिवृद्धि कर रु २५८४४।०० को ५० प्रतिशतले हुने रु १२९२२/- कट्टि गरी भुक्तानी दिनुपर्नेमा कट्टि नगरी पुरै भुक्तानी दिएकोले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.. | |
| २३. | **खर्चको पुष्टयाई-** कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । नगरपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | १९९५००/- |

| गो.भौ.र मिति | खर्चको विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| **नगरपालिका चालु तर्फ** | | | | |
| ६८३-०७७।३।२७ | वडा नं. ४ मा आँखा शिविर सञ्चालन खर्च | आँखा शिविर सञ्चालन समिति | १६०००० | शिविरमा डाक्टरको उपस्थिती, जाँच गरेका विरामिको अभिलेख तथा खरिद गरेको १ थान वि.पि. सेट जिन्सी दाखिलाको प्रमाण नभएको |
| **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालुतर्फ** | | | | |
| २४४-०७७।३।२८ | ४३५ सेट न्यानो झोला खरिद | दिक्षान्त प्रगति सप्लायर्स एण्ड ट्रेडर्स | ३९५०० | विजक नं. ५१-०७७।३।१६ बाट न्यानो झोला खरिद गरेको सक्कल बिल पेश नभएको |
| | **जम्मा** | | **१९९५००** | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २४. | **अनुदानको उपयोग -** कार्यालयले स्वीकृत कार्यक्रम अनुसारका योजनाहरुमा अनुदान स्वरुप खर्च लेखेको रकमको अधिकतम सदुपयोग हुनुपर्दछ । यसरी अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन समेत तयार गर्नुपर्दछ । देहायका योजना तथा कार्यक्रमहरुमा नगरपालिकाले दिएको अनुदान रकमबाट तोकिए बमोजिमको प्रयोजनमा अनुदान खर्च गरे नगरेको सम्बन्धमा कार्यालयले आधिकारिक प्रमाण लिएको एवं अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको देखिएन । यसले गर्दा अनुदान बापत खर्च लेखेको रकमको सदुपयोग यकिन हुन नसकेको रु......... | २०००००/- |

| भौ. नं. र मिति | अनुदान पाउने संस्थाको नाम | अनुदान रकमको प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| नगरपालिका चालु | | | | |
| ५७४-०७७।३।११ | ८ नं. वडा कार्यालय | विपद व्यवस्थापन कोष सञ्चालन गर्न | ५०००० | कोष उपयोगको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने |
| ६८०-०७७।३।२७ | ७ नं. वडा कार्यालय | विपद व्यवस्थापन कोष सञ्चालन गर्न | ५०००० | कोष उपयोगको अनुगमन |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रतिवेदन पेश हुनुपर्ने |
| ६९९-०७७।३।२८ | ४ नं. वडा कार्यालय | विपद व्यवस्थापन कोष सञ्चालन गर्न | १००००० | कोष उपयोगको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने |
| | | **जम्मा** | **२०००००** | |

| | | |
|---|---|---|
| | **नगरपालिका पूँजिंगततर्फ** | |
| २५. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| माझगाउँ चुलिलुङ ग्रा.स.स्तरोन्नती उ.स. | सडक निर्माण | ५००००० | स्क्याभेटर | ४७५५०८ |
| मार्सेफावा ग्रामिण सडक उ.स. | सडक निर्माण | ३५०००० | ,, | ४०५६७० |
| गैरीगाउँ डिटार सुनबालुवा सडक स्तरोन्नती उ.स. | सडक निर्माण | १५००००० | ,, | १६६३९७३ |
| पानसयडाँडा टाहरी माङमाया बरबोटे सैरुम्टा सडक उ.स. | सडक निर्माण | ३००००० | ,, | ३३९००० |
| रानावरझाक्री खेत सिम्ले ग्रामिण सडक उ.स. | सडक निर्माण | ५००००० | ,, | ५५२६४१ |
| जलदेवी तामाङटोल ग्रा.स. स्तरोन्नती उ.स. | सडक निर्माण | ५००००० | ,, | ५५३५८४ |
| वडा कार्यालय सिंजाली डाँडा, ढाडेगाउँ जुकेवारी ओखे हातिखर्क ग्रा.स. उ.स. | सडक निर्माण | ५५०००० | ,, | ६११४९५ |
| धर्मशाला मुन्सीचौतारा गम्भिरे भुल्के ग्रा.स. | सडक निर्माण | २५००००० | ,, | ११९१७७७ |
| उत्तरपानी मातिम्बु मजुवा पिप्ले ग्रामिण सडक उ.स. | सडक निर्माण | १०००००० | ,, | ७२४१९१ |
| मुगा माघे ग्रामिण सडक स्तरोन्नती उ.स. | सडक निर्माण | २०००००० | ,, | २१४४४८८ |
| **जम्मा** | | **९७०००००** | | **८६६२३२७** |

| | | |
|---|---|---|
| २६. | **स्वीकृत नर्म्स र लागत अनुमान-** कार्यालयले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सका आधारमा तयार गर्नुपर्दछ । उपभोक्ता समिति मार्फत संचालित देहायका योजनाहरुमा छुट्टा छुट्टै नर्म्स प्रयोग गरी निम्न आइटममा कामको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्समा उल्लेखित ज्यामी संख्या भन्दा बढी ज्यामी संख्या राखी लागत अनुमान तयार गरेको देखियो । यस सम्बन्धि थप व्यहोराहरु निम्न अनुसार छन । | |
| २६.१. | नगरपालिकाले डि.यु.डि.वि.सि.को नर्म्स प्रयोग गरी देहायको कामको लागत अनुमान तयार गर्दा प्रति घन मिटर पि.सि.सि. **M 15** कामको नर्म्समा उल्लेख भए भन्दा बढी ३ जना ज्यामी देखाई प्रति ज्यामीको ज्याला जिल्ला दररेट अनुसार रु ६४० ले ३ ज्यामीको रु १९२० को दरबाट लागत अनुमान बढेको देखियो । यसरी बढेको लागत अनुमान अनुसार भुक्तानी गर्दा निम्नअनुसार रु १११४७५।०० बढी भुक्तानी भएको छ । यसरी भुक्तानी बढी भएको सम्बन्धमा लागत अनुमान तयार गर्ने सम्बन्धित प्राविधिक कर्मचारीलाई समेत जिम्मेबार बनाई बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.. | १११४७५/- |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| गो.भौ.र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | कामको परिमाण (घ.मि.मा) | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २३६।०७७।३।२९ | बौद्ध विहार समाधिस्थल निर्माण सान्ने उ.स. | पि.सि.सि. **M15** | ३०.७९ | १९२० | ५९११७ |
| २३९।०७७।३।२९ | नर स्मृत्ती प्रतिष्ठान निर्माण | पि.सि.सि. **M15** | २७.२७ | १९२० | ५२३५८ |
| | **जम्मा** | | | | **१११४७५** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २६.२. | नगरपालिकाले डोलिडारको नर्म्स प्रयोग गरी देहायको कामको लागत अनुमान तयार गर्दा प्रति घन मिटर माटो खन्ने कामको नर्म्समा उल्लेखित ज्यामी संख्या भन्दा बढी ०.२ जना ज्यामी देखाई प्रति ज्यामी ज्याला रु ६४० मा थप ३ प्रतिशत सामग्री समेत गरी जम्मा रु १३१।८४ का दरले लागत अनुमान बढेको र सोहि अनुसार भुक्तानी गर्दा रु ५७९८५।०० बढी भुक्तानी भएको छ । यसरी भुक्तानी बढी भएको सम्बन्धमा लागत अनुमान तयार गर्ने सम्बन्धित प्राविधिक कर्मचारीलाई समेत जिम्मेबार बनाई बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.. | ५७९८५/- |

| गो.भौ.र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | कामको परिमाण (घ.मि.मा) | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १२८।०७७।३।११ | राम्चे सहकारी गजेगैरी सडक स्तरोन्नती उ.स. | कडा माटो खन्ने | ३७३.२१ | १३१.८४ | ४९२०४ |
| १६६।०७७।३।१९ | पुरानो बाटो सिढी निर्माण पा.न.पा. १० | कडा माटो खन्ने | ६६.६० | १३१.८४ | ८७८१ |
| | **जम्मा** | | | | **५७९८५** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २७. | **डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र नगरपालिकाले गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । नगरपालिकाले यस बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई डि.पि.आर. तयारीमा रु ६६५०९६४।०० खर्च गरेको छ । | |

| कार्यक्रम नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सोलिड वेष्ट मेनेजमेन्ट सम्बन्धि सम्भाव्यता अध्ययन | वातावरण तथा प्राविधिक परामर्श नेपाल | ५००००० | ४९४९४० | |
| एकिकृत बस्ती विकास योजना | भोलानाथ इन्जिनियरिङ्ग डिजाइन्स कन्सल्टेन्सी प्रा.लि. | १९८८८०० | १९८८८०० | ७९४८४४१४८ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| जलदेवी सिमसारको मास्टर प्लान निर्माण | अरनिको कन्सल्टेन्सी एण्ड स्ट्रक्चर डिजाइन्स प्रा.लि. | ५००००० | ४७४६०० | ९७५४११३७ |
| जौटार डि.पि.आर. निर्माण | ए.एन.एम. कन्सल्टेन्सी प्रा.लि. | ५००००० | ४९६६३० | ११७३२१७१२ |
| प्राखिवास स्टेडियमको डि.पि.आर. | मेरिडियन कन्स्ट्रक्सन प्रा.लि. | ८५०००० | ८४०७२० | १६९१०४९९३ |
| हेल्थपोष्ट देखी सुन्तले डाँडा जाने फुट ट्रेल डि.पि.आर. | सत्य इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५००००० | ४७५००० | ११४१७१७७७ |
| पाखीवास पञ्चकन्या मुगा खोला सालबोटे सडक डि.पि.आर. | रिसर्च इनोभेसन एण्ड डेभलपमेन्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५००००० | ४५७६०४ | १२८७८१९६९ |
| पाखीबास रमिते ओखे सडक डि.पि.आर. | पुर्वाञ्चल इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५००००० | ४८७०३० | ३१००१९६४० |
| उत्तरपानी अमौरा ग्रामिण सडक डि.पि.आर. | प्लाटफर्म इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | ७००००० | ६८९३०० | ३६०८९८४८४ |
| डिकुरे गुम्बा | निष्ठा इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्ट्राक्टिङ प्रा.लि. | २४६३४० | २४६३४० | १०६४५२३२ |
| | **जम्मा** | | **६६५०९६४** | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । यसरी डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगरी परामर्शदाता मार्फत कार्य गराएको छ । बजेटको सुचिश्चितता वेगर अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । तसर्थ बजेटको पूर्व सुचिश्चितता गरी आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

**सामाजिक सुरक्षा कार्यक्रमतर्फ**

२८. **सामाजिक सुरक्षा भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष रु. ६०८८९०००/- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।

२८.१. कार्यविधिमा लाभग्राहीको नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुने

| कार्यालय– पाख्रीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुन मसान्त भित्र व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सो अनुसार नगरी लाभग्राहीको साबिककै विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । साथै कार्यविधिको बुँदा नं. १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको मूल अभिलेख राखेको पाइएन । यसले गर्दा वितरित रकम सहि हो भनी एकिन गर्न सकिएन । | |
| २८.२. | कार्यविधिको बुँदा नं. २२ मा सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले १० वटै वडामा लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । नगरपालिकाले कार्यविधिमा भएको बैंकमार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ । | |
| २८.३. | नगरपालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि वडा सचिवहरुलाई पेश्की उपलब्ध गराएकोमा प्रथम चौमासिकको वितरित रकमको आधारमा दोस्रो चौमासिकमा र दोस्रो चौमासिकको वितरित रकमको आधारमा तेस्रो चौमासिकमा रकम निकासा दिनु पर्नेमा वितरित रकम भन्दा बढी निकासा दिने र वर्षान्तमा वितरण नभई बाँकी रहेको रकम फिर्ता गर्ने गरेको पाइयो । लाभग्राहीको अद्यावधिक विवरण नरहेको अवस्थामा बढी रकम निकासा दिने र वितरण नभएको रकम ढिला गरी दाखिला गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |
| २८.४. | कार्यविधिको बुँदा नं. १६ (क) मा असोजको दोस्रो हप्तासम्म प्रथम चौमासिक रकम, माघको दोस्रो हप्तासम्म दोस्रो चौमासिक रकम र जेठको दोस्रो हप्तासम्म तेस्रो चौमासिक रकम वितरण गरिसक्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रथम चौमासिकको रकम मंसिर महिनासम्म, दोस्रो चौमासिकको रकम जेठ महिनासम्म र तेस्रो चौमासिकको रकम असाढ महिनाको अन्त्यसम्म वितरण गरेको पाइयो । कार्यविधि अनुसार तोकिएको समयमा भत्ता रकम वितरण गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| २८.५. | कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनुपर्दछ । | |

| कार्यालय– पाख्रीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| २८.६. | कार्यविधिको बुँदा नं. १६ (ख) मा भत्ता वितरण गर्दा पूर्ण अपाङ्ग र बालबालिकाको हकमा बाहेक सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नुपर्ने र अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा यसरी वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुने उल्लेख छ । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा भएको व्यवस्था विपरित हस्ते गरी सम्बन्धित व्यक्तिको नातादार समेतलाई भत्ता रकम वितरण गरेको पाइएकोले सम्बन्धित व्यक्तिले रकम बुझेको यकिन हुन सकेन । कार्यविधिको पालना गरी सम्बन्धित व्यक्तिलाई मात्र भत्ता वितरण गर्नेतर्फ कार्यालयले ध्यान पुर्याउनुपर्ने देखिन्छ । | |
| २८.७. | कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । **नमुना छनौटको आधारमा वडा नं. ४ र वडा नं. ८ को** सामाजिक सुरक्षा भत्ता रकम वितरणको श्रेष्ता परीक्षण गर्दा नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी रु. २०८०००/- दोहोरो खर्च लेखेको पाइयो । उक्त रकम लेखापरीक्षण अवधीमा असुल भई दाखिला भएको छ । साथै अन्य बाँकी वडाहरुको समेत दोहोरो परे नपरेको पालिकाले यकिन गर्नुपर्ने देखिएको छ । | |
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत शिक्षा) तर्फ** | |
| २९. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ३२ विद्यालय | १९८ | १८७ | ४९ | ३८१७ |

| | | |
|---|---|---|
| ३०. | **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नुपर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |
| ३१. | **छात्रवृति तथा पाठ्यपुस्तक वितरण** — कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु. ५५६०००/- र निशुल्क पाठ्यपुस्तक | |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | बापत रु. १७१८०५६/- गरी ३२ विद्यालयहरुलाई रु. २२७४०५६/- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रकृया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । तसर्थ कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्याङ्कन हुनुपर्दछ । | |
| ३२. | **सामाजिक परिक्षण र वित्तिय लेखा परिक्षण -** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ बमोजिम यस नगरपालिका अन्तर्गतका ९ माध्यामिक विद्यालय र २३ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परिक्षण तथा लेखापरीक्षण बापत रु. ३६५०००/- लेखापरीक्षण अनुदान दिएकोमा सामुदायीक विद्यालयले लेखापरीक्षण जवाफदेहिता सुनिश्चितताका साथ दोस्रो चौमासिक निकासा दिँदा सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३३. | **थप पाठ्यपुस्तक अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिँदा आइ.ई.एम.आइ.एस.को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिन सक्ने व्यवस्था रहेको छ । नगरपालिकाले अन्तर्गतका विद्यालयहरुलाई नपुग भएको भनी थप पाठ्यपुस्तकको लागि रु. ४७१६२८/- प्रमाण बेगर अनुदान रकम निकासा दिएको पाइयो । साथै २०७६।१२।११ देखि कोभिड-१९ ले मुलुकभर लकडाउन भएको कारण विद्यालयहरुको शैक्षिकसत्र २०७७ शुरु हुन नसकेको, विद्यार्थी भर्ना नभएको, आइ.ई.एम.आइ.एस. मा तथ्याङ्क प्रविष्ट नभएको अवस्थामा समेत विद्यालयहरुलाई थप निशुल्क पाठ्यपुस्तक रकम अनुदान दिएकोले सो खर्चको पुष्टयाई प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | ४७१६२८/- |
| ३४. | **कोरोना कोष कट्टी —** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत निकासा भएको बजेट तोकिएको कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ । नगरपालिकाले संघीय सर्शत अनुदान शिर्षक मार्फत स्वास्थ्य तर्फका कर्मचारी, शिक्षक, विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताको चैत्र महिनाको तलब भत्ताबाट नेपाल सरकारले तोके अनुसार रकम कट्टी गरी कोरोना कोषमा दाखिला गरेको छ । त्यस अतिरिक्त नगरपालिकाले संघीय सशर्त अनुदान अन्तर्गत आधारभुत तथा माध्यमिक तहका शिक्षकको तलब भत्ता शिर्षकबाट रु. ६६४५११/- र स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुको तलब भत्ता शिर्षकबाट रु. ८६४६८/- गरी रु. ७५०९७९/- पुनः खर्च लेखी कोरोना कोषमा ट्रान्सफर गरेको पाइयो । तसर्थ यसरी शिक्षक तथा स्वास्थ्य कर्मचारीहरुको मासिक तलब भत्ताबाट कट्टी गरी कोरोना कोषमा दाखिला गरिसकेपछि पनि पुनः संघिय सर्शत अनुदान तर्फको बजेटबाट दोहोरो खर्च लेख्न मिल्ने देखिएन । | |

| कार्यालय– पाख्रीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | **संघीय सर्शत स्वास्थ्यतर्फ** | |
| ३५. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । नगरपालिकाले मनकामना मेडिको, विराटनगरबाट रु. ४९८५९८/- को औषधि खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ आपूर्तिकर्ताबाट कोटेसन समेत माग नगरी सोझै खरिद गरेको छ । खरिद गरेका उक्त औषधिहरु कुन औषधि कम्पनीबाट उत्पादन भएका हुन् नखुल्नुको अतिरिक्त सोको मूल्य राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिँदैन । औषधि डब्लु.एच.ओ. वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्ने र निः शुल्क वितरण हुने भनी खुलाउनु पर्नेमा सो समेत भए गरेको देखिएन । तसर्थ नियमावलीमा भएको व्यवस्थाको पालना नगरी गरेको खरिद कार्य नियमसम्मत देखिएन । | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ** | |
| ३६. | **प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाले पालिका क्षेत्रभित्र सडक स्तरोन्नती लगायतका ३ कार्यक्रम सञ्चालन गरी यस वर्ष ७२ जनालाई ३२ दिनदेखि ३६ दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम समेतमा रु. १९६०६६८/- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| | **प्रकोप व्यवस्थापन कोषतर्फ** | |
| ३७. | **अभिमुखीकरण कार्यक्रम —** भौ नं. १५-०७६।९।१५ कार्यालयले परामर्श सेवा खरिद गर्दा लागत अनुमान तथा कार्यक्षेत्रगत शर्त तयार गरी परामर्श दाताको सूची बनाई सो सूची मध्येबाट प्रस्ताव माग गरी किफायतिवाला मार्फत खरिद गर्नुपर्दछ । पालिकाले नगर कार्यपालिकाको २०७६।८।१० गते बसेको बैठकको निर्णय अनुसार जलवायु परिवर्तन तथा वातावरण संरक्षण सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम गर्न सामुदायिक वन उपभोक्ता महासंघ, नेपाललाई प्रस्तावनाका आधारमा सोझै छनौट गरी कार्यक्रम सञ्चालन गरेको छ । मंसिर २९ र ३० मा सञ्चालित उक्त कार्यक्रम बापत संस्थालाई रु. २०००००/- भुक्तानी भएको छ । यसरी कुनै सँस्था समिति विशेषलाई कार्यक्रम सञ्चालन गर्नेगरी छनौट गर्नु त्रुटीपूर्ण हुन जान्छ । साथै उक्त कार्यक्रमको अनुगमन गरे बापत रु. ६०००/- र विभिन्न मितिमा खाना खाजा होटलबासको विल बमोजिम रु. १२४२००/- खर्च लेखेकोमा नियमानुसार कट्टा गर्नुपर्ने कर क्रमशः अनुगमनमा रु. ९००/- र बिल बिजकको अग्रीम कर बापत रु. १८६३/- मध्ये अग्रीम कर बापत रु. १५००/- मात्र कट्टी गरि दाखिला गरेको देखियो । तसर्थ कट्टी गर्नुपर्ने नपुग कर रकम रु.१२६३/- सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु... | १२६३/- |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| ३८. | **सोधभर्ना** - भौ. नं. १-०७६।६।७ नगरपालिकाले सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत शोधभर्ना हुने गरी विपद व्यवस्थापन कोषबाट खर्च गरेको रकम वर्षान्त सम्ममा शोधभर्ना गरी फिर्ता गर्नुपर्दछ । पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत ५० घरधुरीलाई रु. २००००/- का दरले प्रत्येक लाभग्राहीको बैंक खातामा विपद व्यवस्थापनतर्फको पुँजीगत भौपरी शिर्षकबाट रु. २९००००/- सुरक्षित नागरिक आवास कार्यक्रमबाट सोधभर्ना हुने गरी निकासा गरेको छ । निकासा गरेको रकम मध्ये रु. ४८५९५/- मात्र शोधभर्ना भई फिर्ता भएको छ । नपुग रकम रु. २४१४०५/- लेखापरीक्षण अवधि (२०७८।१।२०) सम्म फिर्ता नभएको हुँदा यथाशिघ्र सोधभर्ना गरी फिर्ता गर्नुपर्ने रु...... | २४१४०५/- |
| | **मर्मत सम्भार कोषतर्फ** | |
| ३९. | **हेभि मेसिन संचालक व्यवस्थापन-** स्थानीय तहले आफ्नो नाममा रहेका स्काभेटर, ब्याक हो लोडर जस्ता हेभि मेसिनरीको कार्य सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृत गरी सो अनुसार आय आर्जन समेत हुने गरी सञ्चालन गर्नुपर्दछ । नगरपालिकाको जिन्सी खातामा आम्दानी देखिएको एक थान ब्याक हो लोडर संचालन सम्बन्धि कार्यविधि तयार नगरी यर्स वर्ष पटक पटक विभिन्न काममा प्रयोग गरेको भनी सोको इन्धन बापत रु. ९२४६२५/- र मर्मत बापत रु. ४०४८१६/- गरी रु. १३२९४४१/- खर्च गरेको देखियो । यसै गरी लोडर चालक तथा सहचालकलाई मासिक तलब भत्ताका अतिरिक्त लोडर चलेको अवधिको प्रति घण्टा क्रमशः रु. १५०/- र रु. ५०/- का दरले प्रोत्साहन भत्ता समेत खर्च गरेको छ । यसरी हेभि मेसिनरी सञ्चालन सम्बन्धी खर्च वृद्धि गर्दै गएको भएता पनि मेसिनको वार्षिक आम्दानी भने रु. ५२७१२८/- मात्र रहेको देखियो । तसर्थ नगरपालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई आय आर्जन समेतमा वृद्धि हुनेगरी सोको व्यवस्थापनमा ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |
| ४०. | **चालक भत्ता** - नगरपालिकाले कर्मचारीलाई सुविधा खर्च लेख्दा मितव्ययितालाई मध्यनजर गरी दोहोरो नपर्ने गरी खर्च लेखु पर्दछ । पालिकाले ब्याकहोलोडर चालक तथा सहचालकलाई मासिक तलब भत्ताको अतिरिक्त कार्यपालिकाबाट निर्णय गरी प्रति घण्टा क्रमशः रु. १५०/- र रु. ५०/- का दरले ६३८.६ घण्टा चलाएको भनि रु. १२७७२०/- प्रोत्साहन भत्ता रकम भुक्तानी गरेको छ । प्रोत्साहन भत्ता सुविधा भुक्तानी गर्दा लगबुक संलग्न गरी हेभिमेसिनेरी चलेको अवधि सम्बन्धित जिम्मेवार अधिकारबाट प्रमाणित गरी राखुपर्नेमा सो गरेको पाइएन । यसरी जिम्मेवार पदाधिकारीबाट प्रमाणित नगरी साथै सुविधामा दोहरोपन देखिने गरी मितव्ययिताको सिद्धान्तको समेत पालना नगरी प्रोत्साहन सुविधा बापत खर्च लेखेको मनासिव नदेखिएको रु...... | १२७७२०/- |
| | **कोरोना रोकथाम नियन्त्रण र उपचार कोष तर्फ** | |
| ४१. | **कोरोना भाईरस रोग नियन्त्रण व्यवस्थापन-** नगरपालिकाले कोरोना भाईरस नियन्त्रण एवं व्यवस्थापन गर्न कोरोना रोकथाम नियन्त्रण र उपचार कोष खडा गरी कोषमा संघीय सरकार, प्रदेश सरकार, पालिका र विभिन्न संघसंस्था तथा व्यक्तिहरुको सहयोगबाट रु. ५६१४३६५/- आम्दानी गरेको छ । उक्त कोषबाट यसवर्ष खाद्य सामग्री खरिद गरी राहत वितरणमा रु. ३०२९५७०/-, काठमाण्डौंमा | |

| कार्यालय– पाख्रीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | अलपत्र परेका निम्न वर्ग तथा विद्यार्थीहरुलाई पालिका फिर्ता गर्न रु. १०८०६०/-, स्वास्थ्यकर्मी तथा फ्रन्टलाईनमा काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन खर्च रु. ८७६५००/- र क्वारेन्टाईन व्यवस्थापन, भि.टि.एम. किट तथा औषधीमा रु. १०८६३०३।६० समेत रु. ५१००६१३।६० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्: | |
| ४१.१. | कोरोना माहामारी रोग व्यवस्थापन सम्बन्धी विषयहरुमा खर्च गर्दा कानुनको रित, विधि, प्रकृया पुऱ्याई कोरोनाकोष मार्फत मात्र खर्च गर्नुपर्नेमा त्यसो नगरी कोरोना कोष एवं पालिका चालु शिर्षक तथा प्रकोप व्यवस्थापन कोष समेतबाट कोरोना नियन्त्रणमा खर्च गरेको पाइयो । यसरी एकद्वार प्रणाली मार्फत खर्च नगरी विभिन्न शिर्षकबाट खर्च गर्दा कोरोना व्यवस्थापनमा भएको समग्र खर्चको वास्तविक स्थिति यकिन गर्न सकिएन । | |
| ४१.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को उपनियम ३ मा सार्वजनिक निकायले विशेष परिस्थितिमा रु. १० लाख भन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सोही व्यवस्था बमोजिम रु. ३०२९५७०/- को कोरोना राहत सामग्री खरिद गरेकोमा खरिद विवरणको सार्वजनिक सुचना प्रकाशन गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनुपर्नेमा पठाएको पाइएन । कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| | **आन्तरिक आयतर्फ** | |
| ४२. | **मुल्य अभिवृद्धि कर-** पालिकाले ढुङ्गा, गिट्टि, बालुवामा असुल गरेको मुल्य अभिवृद्धि कर सम्बन्धित राजस्व शिर्षकमा जम्मा गर्नुपर्दछ । कार्यालयले मुगा खोलाको ढुङ्गा, गिट्टि, बालुवा विक्रि ठेक्कामा असुली अंक रु. ४४२०३५।०० को १३ प्रतिशतले असुल गरेको मुल्य अभिवृद्धि कर रु ५७४६४।५५ सम्बन्धित राजस्व शिर्षकमा दाखिला नगरी स्थानीय संचित कोषमै राखेको देखियो तसर्थ मुल्य अभिवृद्धि कर बापतको उक्त रकम स्थानीय संचित कोष खाताबाट खर्च लेखी सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.. | ५७४६५/ - |
| ४३. | **पेश्की –** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु... | १६००००/- |

| पेश्की लिनेको नाम र विवरण | पेश्की दिएको मिति | रकम |
|---|---|---|
| गोपाल राज थापा | | ४०००० |
| चन्द्रलाल घिसिङ | | ४०००० |
| सोभित निरौला | | ४०००० |
| हेमबहादुर पाण्डे | | ४०००० |
| **जम्मा** | | **१६००००** |

| | | |
|---|---|---|
| | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट | |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको र फर्छैटको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | ०७५।७६ | ६४ | बैठक भत्ता रकम असुल भई फर्छ्यौट<br>करारमा प्रा. कर्मचारीकोरु ८५००, सदस्य सचिव र सहयोगी कर्मचारी १७००, मुल्यांकन समिति बैठक २२१००, व्याकहो लोडर कार्यविधि १७०००, का.पा. बैठक सहयोगी कर्मचारी १७८५०, कार्य विवरण तयार २०४००, मुल्यांकन समिति वैठक ४२५००, राजस्व परामर्स समिति ४२५०, श्रोत अनुमान तथा बजेट निर्धारण ३४००, स्थानीय बजार संख्या निर्धारण समिति ४२५० | १४१९५० | | | | १४१९५० |
| १.१ | ०७५।७६ | ६४ | एउटै व्यहोरा दोहोरो परेकोले फर्छ्यौट<br>भौ.नं.र मिति रकम<br>३१-६।१८ ३४४००<br>९८-७।१६ ७३९५०<br>१६२-८।२६ १७८५० | | १२६२०० | | | १२६२०० |
| २ | ०७५।७६ | ४७.५ | विद्यालय भवन निर्माणको कार्यसम्पन्न प्रतिवेदन पेश भई फर्छ्यौट<br>बालपञ्च मावि सान्ने, अमर मावि फलाटे, सरस्वती मावि घामे | | ५४००००० | | | ५४००००० |
| ३ | ०७५।७६ | ५ | बाँकी सशर्त अनुदान फिर्ता भई फर्छ्यौट संघिय सशर्त अनुदान ६१७३८५० र प्रदेश सशर्त अनुदान २३९३६९ | | ६४१३२१९ | | | ६४१३२१९ |
| | | | पुनश्च- दफा ३९ को वेरुजु रु ५९४१।६९ करमा दाखिला नभएको र दफा २४ को रु | | | | | |

कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | आ.व. –२०७६/७७

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १८११५०० कन्टिन्जेन्सी खर्चको व्यहोरा स्पष्ट नखुलाएकोले रु १८१७४४१।६९ फर्छ्यौट हुन सकेन । | | | | | |
| ४ | ०७५।७६ | ६ | सशर्त तर्फ खर्च भई वर्षान्तमा बाँकी रकम सञ्चितकोष दाखिला भई फछ्र्यौट | | ६६९०४८० | | | ६६९०४८० |
| ५ | ०७५।७६ | २४ | कन्टिन्जेन्सी खर्च सम्बन्धमा कार्यपालिकाको निर्णय एवं पुष्टयाई प्रमाण पेश भई फछ्र्यौट | | १८११५०० | | | १८११५०० |
| ६ | ०७५।७६ | ६४ | बैठक भत्ता रकम दाखिला भई फछ्र्यौट मूल्याङ्कन समितिको बैठक रु. २५५०/- र कार्य विवरण तयारको रु. ८५०/- | ३४०० | | | | ३४०० |
| ७ | ०७५।७६ | ३७ | उपभोक्ता समितिले पेश गरेको मू.अ.कर विजकमा वास्तविक भएको कामको परिमाण भन्दा घटी परिमाण राखी त्यसमा मू.अ.कर जोड्दा मू.अ.कर. बढी देखिएतापनी कूल भुक्तानी मू.अ.कर बढी नदेखिएकोले फछ्र्यौट | | १५१२२४ | | | १५१२२४ |
| ८ | ०७५।७६ | ३८ | उपभोक्ता समितिले पेश गरेको मू.अ.कर विजकमा वास्तविक भएको कामको परिमाण भन्दा घटी परिमाण राखी त्यसमा मू.अ.कर जोड्दा मू.अ.कर. बढी देखिएतापनी कूल भुक्तानी मू.अ.कर बढी नदेखिएकोले फछ्र्यौट | | ४६१७६ | | | ४६१७६ |
| ९ | ०७५।७६ | ४७.४ | सरस्वती प्रा.वि. डार्मे डाँडाको २ कोठे भवन निर्माणको कार्य सम्पन्न प्रतिवेदन र नापी किताब पेश भई फछ्र्यौट | | १६००००० | | | १६००००० |
| १० | ०७५।७६ | ४८.२ | स्वास्थ्य संस्थालाई औषधी हस्तान्तरण गरी संस्थाले उक्त औषधी आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश भई फछ्र्यौट | | १०१३६७० | | | १०१३६७० |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | ०७५।७६ | ६० | पदाधिकारी सुविधा भुक्तानीको कार्यपालिका बैठकको निर्णय भई फछ्र्यौट | | ४६०२००० | | | ४६०२००० |
| १२ | ०७५।७६ | ६८ | भरपाई प्रमाण पेश भई फछ्र्यौट<br>बोयर बोका खरिद र वितरण रु. १०००००/- र<br>विपद व्यवस्थापन कोष वडा अध्यक्ष दल बहादुर तामाङ्ग रु. २००००/- | | १२०००० | | | १२०००० |
| १३ | ०७५।७६ | ६८ | युनिक फेन्सी स्टोरबाट खरिद १३० थान ब्याग विद्यार्थीले बुझेको भरपाई नभएको रु. ८८४००/- बेरुजु दफा नं. ७६.३ मा समेत उल्लेख भएकोले दोहोरो परेको | | ८८४०० | | | ८८४०० |
| १४ | ०७५।७६ | ७१ | योजना तयारी किताब जिन्सी दाखिलाको प्रमाण पेश भई फछ्र्यौट | | २००००० | | | २००००० |
| १५ | ०७५।७६ | ७५ | निर्माण व्यवसायी कुन्सालिङ्ग सारा श्रष्टी जे.भि. को पेश्की प्रमाण पेश भई फछ्र्यौट | | ३७९७०५९ | | | ३७९७०५९ |
| १६ | ०७५।७६ | ७५ | खरिदार किरन राईको पेश्की सवारी साधन बिमा सम्बन्धी प्रमाण पेश भई फछ्र्यौट | | ८३००० | | | ८३००० |
| १७ | ०७५।७६ | ७६.१ | विद्युत महशुलको थप दस्तुर दाखिला भई फछ्र्यौट | ३३५२ | | | | ३३५२ |
| १८ | ०७५।७६ | ७६.६ | अमृत गेष्ट हाउस पाखीबासको विल पेश भई फछ्र्यौट | | १६१२९ | | | १६१२९ |
| | | | पुनश्च- दफा ७६.१२ को रु. ४९७३२९।२५, नियमित भई नआएको, दफा ६९ को रु. १४२२०/- कर राजस्वमा दाखिला भई नआएको र दफा ७६.१० को रु. ५५७८४।९५ मू.अ.कर समायोजनको प्रमाण पेश हुन नआएकोले फछ्र्यौट हुन सकेन | | | | | |
| | | | **जम्मा** | | | | | ३२३०७५९ |

| कार्यालय– पाखीबास नगरपालिका, धनकुटा | | आ.व. –२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | **संचित कोष तथा बेरुजुको स्थिति** - पालिकाको संचित कोषको विवरण, बेरुजु बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमश अनुसूची १, २ र ३ मा समावेश गरिएको छ । | |

## सञ्चित कोषको स्थिति

अनुसूची-१

| क्रस | प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/नगर/गाउँपालिका | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| 69 | प्रदेश नं.१ | धनकुटा | पाखबिास नगरपालिका | नगरपालिका | ९३४७८९ | ३६८१ | ०.३९ | ५६०४६ | ३०९१६३ | ५२१६३ | ४०१६ | १०९३९३ | ४७४७३५ | २३४७८६ | १११५०९ | ११३७५९ | ४६००५४ | ७०७२७ |

## बेरुजु बर्गीकरण

अनुसूची-२

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/नगर/गाउँपालिका | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| प्रदेश नं.१ | धनकुटा | पाखबिास नगरपालिका | नगरपालिका | ४० | ३० | १०३६५ | ० | १६ | ६६८४ | ४० | १४ | ३६८१ | ४३६ | २१३० | ९५५ | ० | ० | ३०८५ | ० | १६० | १६० |

## अद्यावधिक बेरुजुको स्थिति

अनुसूची-३

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/नगर/गाउँपालिका | गत वर्षको अनुसूचीबाट | समायोजन | गत बर्ष सम्मको बाँकी बेरुजु | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | धनकुटा | पाखबिास नगरपालिका | नगरपालिका | ८३२०५ | ० | ८३२०५ | ३२३०८ | ३२३०८ | ० | ० | ५०८९७ | ३६८१ | ५४५७८ | ६३७४ |